# भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


**बहुक्षेत्रीय पोषण योजना अन्तर्गत महिला सहकारी वा समूहमा आय-आर्जनका लागि अनुदान सम्बन्धी १५ दिने सूचना**

**प्रथम पटक सूचना प्रकाशित : २०७९/०९/२६**

यस भूमे गाउँपालिकाको चालु आ.व २०७९/८० मा सञ्चालित कार्यक्रम बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत महिला सहकारी वा समूहमा अनुदान वितरणका लागि भूमे गाउँपालिका क्षेत्र भित्र रहेका महिला सहकारी वा समूहमा अनुदान वितरण गर्ने कार्यक्रम रहेकोले तपसिलको शर्त बमोजिम रहने गरी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। रीतपूर्वक र तोकिएको समय सीमा भित्र प्राप्त नभएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

**तपसिल :**

**क) प्रस्ताव छनौटको आधार :**

१. स्थानीय तह भित्र रहेका दलित तथा जनजाति समुदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाइदा पुग्ने सहकारी तथा समूह,
२. सहकारीहरू नभएमा सोही प्रकृतिका साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला समूह वा स्वास्थ्य आमा समूह,
३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरूको उपयोग र परिवार तहके जनशक्ति प्रयोग गरी व्यवसाय सञ्चालन गरिने प्रस्ताव,
४. बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रकमा परिचालन हुने प्रतिबद्धता भएका प्रस्ताव,
५. महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्य क्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

**ख) प्रस्ताव छनौटको मापदण्ड तथा सञ्चालन**

स्थानीय तहले विपन्न समुदायका सुनौला हजार दिनका घरपरिवार लक्षित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने सुरुवाती पूँजी उपलब्ध गराउन देहाय बमोजिम महिला सहकारी वा समूह छनौट गर्ने :

१. विपन्न समुदायका महिलाहरूको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तह भित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्ने,
२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा सहकारी निकाय: महिला विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नागरिक सचेतना केन्द्र, कृषि विकास, पशु सेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समूहलाई क्रमश: प्राथमिकताका आधारमा छनौट गर्ने। यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत दुई वर्ष देखि क्रियाशिल रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिने,
३. महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तह तथा वडा कार्यालयमा सूचिकृत भएको हुनुपर्ने,
४. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामूहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउने,
५. यस बुँदा बमोजिम महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिने,

**ग) अनुदान व्यवस्था:**

१. छनौट भएको महिला सहकारी वा समूहका २५ जना सदस्यलाई प्रति सदस्य रु. २५ हजारका दरले हुने एकमुष्ठ रकम रु. ६ लाख २५ हजार अनुदान प्राप्त हुने,
२. छनौट भएको एक सहकारी वा समूहसँग स्थानीय तहले सम्झौता गरी एकमुष्ठ अनुदान उपलब्ध हुने,

**नोट: हालसम्म कुनै संघ संस्थाबाट अनुदान प्राप्त नभएका सहकारी वा समूहलाई प्राथमिकता दिइने छ। थप जानकारीका लागि महिला, बालबालिका तथा समाज कल्याण इकाई प्रमुख श्री धनिसा पुन मगर सम्पर्क नं ९८६५१२७८८४ मा सम्पर्क गर्नुहोला।**


खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०९३३२३८३,९८०९८९८७७७,९८०९३३२३३३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np